स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भाइटीकाको दिन पारेर आगामी कात्तिक ६ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'सोल्टिनी'को नयाँ गीत 'नौलाखे तारा' सार्वजनिक गरिएको छ। लिरिकल शैलीमा तयार पारिएको यस गीतमा झुमा लिम्बू, सुनिता थेगिम र प्रशान्त सिवाकोटीको स्वर रहेको छ भने शब्द तथा संगीत निर्देशन प्रशान्त स्वयंको हो। भिडियोमा मुख्य जोडी प्रकाश सपूत र परीक्षा लिम्बूबीचको प्रेममा देखा परेका पारिवारिक र सामाजिक अड्चनलाई प्रस्तुत गर्छन्।

**आजको विचार...**



किन...
(दुई पेजमा)

अधिवक्ता दिपेन्द्र झा



अनमोल केसी अभिनित चलचित्र 'जेरी अन टप'को ट्रेलर सार्वजनिक भएको छ। शुक्रबार ललितपुरमा आयोजित एक कार्यक्रममा ट्रेलर सार्वजनिक गरिएको हो। ट्रेलरमा अभिनेता अनमोल, अभिनेत्री जसिता गुरुङ, आँचल शर्मा, भुवन केसी लगायत देखिएका छन्। ट्रेलरमा हेर्दा चलचित्र सगरमाथा आरोहण र यात्राको क्रममा हुने प्रेमकथामा बनेको अनुमान गर्न सकिन्छ। ट्रेलरले अनमोल जसिता र आँचल दुवैको प्रेममा रहेको अनुमान गर्न सकिन्छ।

❒ वर्ष ३१ ❒ अंक ८१ ❒ २०८२ असोज २६ गते आइतबार 12 October 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आतङ्कवादी आक्रमण ७ को मृत्यु

(रासस/एपी)

**सिड्नी,** असोज २५/पाकिस्तानको उत्तरपश्चिमी सहर डेरा इस्माइल खानस्थित एक प्रहरी प्रशिक्षण केन्द्रमा शुक्रबार राति भएको आतङ्कवादी आक्रमणमा कम्तीमा सात प्रहरी अधिकारीको मृत्यु भएको र १३ जना घाइते भएको पाकिस्तानी अधिकारीहरूले शनिबार जनाएका छन् । आक्रमणमा संलग्न छ जना आतङ्कवादी पनि मारिएका छन् । यो घटनालाई पछिल्ला वर्षहरूमा सो क्षेत्रमा बढ्दै गएको आतङ्कवादी हिंसाको अर्को उदाहरणका रूपमा हेरिएको छ । सशस्त्र समूहहरूको सक्रियता बढ्दै गएपछि पाकिस्तान अहिले बिग्रँदो सुरक्षा अवस्थासँग सैर्ष गरिरहेको छ । डेरा इस्माइल खान सहरको बाहिरी क्षेत्र रट्टा कुलाचीस्थित प्रहरी प्रशिक्षण केन्द्रमा एक आत्मघाती बमवर्षकले विस्फोटक पदार्थले भरिएको ट्रक गेटमा ठोक्काउँदा ठूलो विस्फोट भएको थियो ।

# डुम्रे दुग्ध कृषि सहकारी संस्थाको साधारण सभामा कृषकहरुलाई बोनस वितरण

**कृष्ण पोखरेल**

**पाल्पा,** असोज २५/डुम्रे दुग्ध कृषि सहकारी संस्था लिमिटेड तिनाउ ६ पाल्पाको ३२ औं साधारणसभा सम्पन्न भएको छ । साधारणसभामा सहकारी संस्थाका कृषक लगानीकर्ताहरुलाई लगानीको १५ प्रतिशत लाभान्स वितरण गरेको छ । ४ सय जना कृषकहरुले ५५ हजार देखी १ हजार सम्म बार्षिक लाभान्स पाएका छन । साधारणसभामा सहकारीले कृषकहरुलाई फूलमाला सहित लाभान्स वितरण गरेको हो ।



डुम्रे दुग्घ कृषि सहकारी संस्थामा ५ सय जना कृषकहरु आवद्ध रहेकोमा १ सय ६४ जना महिला र २ सय २३ जना पुरुष शेयर सदस्यहरु रहेका छन । संस्थाले गत आर्थिक बर्ष २०८१/०८२ मा ९ लाख ४६ हजार ७ सय ३० लिटर दुधको कारोवार गरेको छ । संस्थाले ३४ करोड १३ लाख ८८ हजार ६ सय ६४ रुपैया बराबरको कारोवार गरेको छ । संस्थामा ५ करोड १९ लाख ५६ हजार ६ सय २० रुपैया संस्थागत पुजी रहेको छ । संस्थाको जगेडा कोषमा ७८ लाख ५१ हजार ८ सय ८ रुपैया, शेयर पुजी ५३ लाख १३ हजार १ सय रुपैया र अन्य कोषमा ८ लाख २ हजार ५७ रुपैया रहेको छ । संस्थाले पशुपालक कृषकहरुलाई चाहिने घासको विउँ, दाना, ब्रान, पश् औषधी, भिटामिन, विउ विजन लगायतका सरसमानहरु साथै कृत्रिम गर्वाधन, पशु उपचार जस्ता कार्यक्रमहरु संचालन गर्दै आएको छ । संस्थाले कृषक शेयरधनीको गाई भैसी सुत्केरी हुदा पशु सुत्केरी पोषण बापत प्रति पशु १ हजार २ सय रुपैया वितरण गर्दै आएको छ । शेयर सदस्यले नयाँ गाईभैसी खरिद गर्दा निशुल्क रुपमा धुवानी सेवा दिदै आएको छ । संस्थाले कृषकहरुबाट संकलन हुदै आएको दुध विक्रिको लागी तानसेन बजारमा १ वटा, मिशनमा १ वटा डेरी र डुम्रेमा एग्रोभेट पसल संचालन गरी सेवा प्रदान गरेको छ । बर्षायाममा अत्याधिक दुध उत्पादन हुने भएकोले विभिन्न डेरीहरुलाई उधारोमा विक्रि बन्द गरेर संस्थाले आगामी दिनमा बुटवलमा एक वटा डेरी राजमार्ग क्षेत्रमा मिठाई, चिया तथा लस्सी एव दुधजन्य परिकार विक्रि गर्ने पसल संचालन गर्ने, छुर्पी उत्पादन गर्ने तथा दुधका परिकारलाई विविधिकरण गर्ने सहकारीले साधारणसभामा जानकारी दिएको छ । संस्थाले मुक्तिनाथ विकास बैक बाट २ करोड रुपैया ऋण लिएर कृषकहरुलाई सहुलियत दरमा लगानी गर्दै आएको छ । संस्थामा आवद्ध कृषकहरुको ४ लाख ४ हजार ७ सय २० रुपैया बराबरको निशुल्क पशु विमा गरेको छ । जसबाट कृषकहरुले बार्षिक ४० लाख रुपैया भन्दा बढीको क्षतिपुर्ति पाएका छन । हेफर नेपालको सहकार्यमा दैनिक ३५ लिटर सम्म दुध दिने गाईको सिमेन कोरिया बाट ल्याई पाल्पाका गाईबाट १० वटा बाच्छी उत्पादन भईसकेकोले संस्थामा आवद्ध कृषकहरुको गाईमा नश्न सुधार गर्दै जाने सहकारीले जनाएको छ । संस्थामा आवद्ध कृषकहरुका उन्नत नश्लका गाईहरु मिल्क फिबर रोग लाई मृत्यु हुने गरेकोले, किसानको घाटालाई कम गर्न चालु आर्थिक बर्षमा काउ लिफ्ट खरिद गरी समस्या समाधान गर्ने जनाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*


## आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।

-नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं.

-जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौ,

-पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक

-ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं.

-पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,

-स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,

-आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं । पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# गुल्मीमा ३८ जातमा कफीको जातीय परीक्षण गरिँदै

**गुल्मी,** असोज २५/गुल्मीमा ३८ प्रकारका कफीको जातीय परीक्षण सुरु गरिएको छ । रुरुक्षेत्र गाउँपालिकामा कफी अनुसन्धान कार्यक्रमअन्तर्गत प्राङ्गारिक प्रविधिद्वारा जातीय परीक्षण गरिएको हो ।

कफी अनुसन्धान कार्यक्रम गुल्मीका प्रमुख एवं वरिष्ठ वैज्ञानिक जनार्दन गौतमले २०० रोपनीमा फैलिएको कार्यक्रममा जातीय परीक्षण भइरहेको बताए । उक्त कार्यक्रममार्फत कफीका तीनवटा जात सिफारिसका लागि बीउबिजन तथा गुणस्तर नियन्त्रण केन्द्रमा प्रस्तावता तयार गरी पेस गरिएको उनको भनाइ छ । त्यसका अतिरिक्त कफीका अरु जातीय तथा रोगकिरा व्यवस्थापन परीक्षण भइरहेको छ । गौतमका अनुसार कफीको माउबोट, त्यसको हाँगा, बीउ छनोट गरी बीउअनुसारको माटो,



बिरुवा, उत्पादन र गुणस्तरसम्मको अनुसन्धान गर्न कार्यालयमा अझै दक्ष जनशक्तिको अभाव छ । अनुसन्धान कार्यक्रममा वार्षिक १० हजारभन्दा बढी कफीका बीउ बेर्ना उत्पादन गर्नुका साथै १०० किलोसम्म कफीको स्रोत बीउ उत्पादन गरी वितरण भइरहेको कार्यालय प्रमुख गौतमले बताए । अनुसन्धान कार्यक्रमले कफी बालीमा मलखाद व्यवस्थापन परीक्षण, छहारी व्यवस्थापन, कफी रोप्ने तरिका, सेतो गबाँरो तथा अन्य रोगकिरा व्यवस्थापनसम्बन्धी परीक्षणका साथै कफीको गुणस्तरबारेमा अध्ययन अनुसन्धान गर्दै आएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# महिला नेतृत्वको खडेरी

**नेपालमा महिलाको सहभागिता संविधानले सुनिश्चित गरे पनि वास्तविक नेतृत्वको तहमा महिलाको उपस्थिति अझै कमजोर देखिन्छ । संसद्, स्थानीय तह वा पार्टी संरचनामा महिलाको संख्यात्मक उपस्थिति बढे पनि निर्णय प्रक्रियामा उनीहरूको भूमिका सीमित छ । यसको प्रमुख कारण सामाजिक, सांस्कृतिक र राजनीतिक संरचनामा निहित पितृसत्तात्मक सोच हो । सदियौंदेखि महिला "घर र परिवार"को सीमाभित्र सीमित गरिँदै आएको परम्पराले उनीहरूलाई नेतृत्व भूमिकामा आउनबाट रोक्दै आएको छ। शिक्षाको पहुँच, आत्मविश्वास र अवसरको कमीले पनि महिलाको नेतृत्व क्षमतामा बाधा पुऱ्याएको छ । राजनीतिक दलहरूले महिला सशक्तिकरणका नारा त लगाउँछन्, तर व्यवहारमा अवसर पुरुषप्रधान वृत्तमै सीमित रहन्छ । दलहरूको निर्णय समिति, उम्मेदवार चयन प्रक्रिया र नीति निर्माणमा महिलाको सहभागिता देखावटी मात्र रहँदा नेतृत्व निर्माणको बाटो बन्द भएको हो ।**

**अर्को कारण राज्य संयन्त्र र समाजमा विद्यमान असमान शक्ति सम्बन्ध हो । महिला अगुवाहरूले निरन्तर संघर्ष गरेर केही उपलब्धि हासिल गरे पनि प्रणालीगत समर्थनको कमीले ती उपलब्धिहरू टिकाउ बन्न सकेका छैनन् । अब आवश्यक छ–नेतृत्वमा महिलाको पहुँचलाई 'आरक्षण' मात्र नभई 'क्षमता र विश्वास' का आधारमा संस्थागत बनाउन । शिक्षा, अवसर र समान व्यवहारका माध्यमबाट महिलालाई नेतृत्वमा अघि सार्ने वातावरण राज्य, समाज र दलहरूले संयुक्त रूपमा निर्माण गर्नुपर्छ । जबसम्म निर्णय प्रक्रियामा महिलाको वास्तविक सहभागिता हुँदैन्, तबसम्म समावेशी लोकतन्त्र अधुरै रहन्छ । नेपालमा महिला नेतृत्वको अभावको अन्त्य गर्न सोच, नीति र व्यवहार तीनै तहमा रूपान्तरण अपरिहार्य छ ।**

## Opinion @ Social Network

सकेसम्म फर्किएर नहेर्नु विगतलाई पछुतो लाग्ला
अक्सर छोडिएको
कुरा टाढाबाट हेर्दा सुन्दर देखिन्छ ।
*(पुस्पा सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Pushpa.Saru)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन जल्यो अदालत ? आत्मसमीक्षा गरौं



## अधिवक्ता दिपेन्द्र झा

नेपालको इतिहासमा शायद यो पहिलेपल्ट हो, जहाँ आन्दोलनका क्रममा सर्वोच्च अदालत र देशका अन्य अदालतहरु जलाइयो । महत्वपूर्ण फाइल तथा प्रमाणहरु पनि जलाइयो । जलाउनेहरु अपराधीहरु हुन् र तिनीहरुलाई कारवाही हुनुपर्दछ तर यति भनेर मात्र न्यायालयले आत्मसमीक्षा नगर्ने हो भने नेपालको न्यायिक जगत अगाडि बढ्न सक्दैन । यो लेखको उद्देश्य कतै पनि अदालत जलेको विषय तर्कका आधारमा उचित थियो भनी पुष्टि गर्नु होइन । अदालत जलेको विषय जति भत्सर्ना गरे पनि कम हुन्छ । राणा र राजतन्त्रको निरकुंश शासन व्यवस्थामा नजलेको अदालत अहिलेको आधुनिक एक्काइसौं शताब्दीको गणतान्त्रिक व्यवस्थामा किन जल्यो भनी आत्मसमीक्षा नै यो लेखको मूल उद्देश्य हो । अदालत जल्नु वकिलका लागि मुटु र मन्दिर जलेसरह हो । हाम्रो दालरोटी यसैबाट चल्छ । यसकारण पुराना भवनसँग विगतको १५ बर्षको वकालतमा सर्वोच्च अदालत लगायतमा बिताएको सम्झना जल्दा मुटु पोलेको थियो । त्यो राति निदाउन सकिनँ । अदालतका सबै इजलासमा अनेकखालको सम्झना जोडिएको छ । बाहिर कौसीका धेरै फोटोहरु मेरो एल्वममा सजिएका छन् । अदालत जलेकाले दालरोटी पनि प्रभावित भएको छ । प्रतिदिन सर्वोच्च अदालतको ढोकामा गएर हेरेर मुद्दा नभए पनि फर्किन्छु । मेरो त दोस्रो पुस्ताकी छोरी पनि यही पेशामा आउने बेला हुन लाग्यो । के दिने छोरीलाई विरासतमा ? अस्थिर अदालत कि विदेश जाउ र उतै बस भन्ने ? यो वाहेक के विकल्प बाँकी रहृयो ? हैन, यही बनाउनुपर्छ आृनै देशमा संघर्ष गरी नयाँ निर्माण गर्नुपर्छ भन्ने आत्मविश्वास रहेकाले आत्मसमीक्षा गरौं कि भन्ने लाग्यो । अन्यथा गालिबले भनेझैं हुन सक्छ, 'ताउम्र गालिब ये भूल करता रहा, धूल चेहरे पर थी, आईना साफ करता रहा ।' हालको वर्षमा नेपालको न्यायालयमा राजनीतिको गहिरो प्रभावले गर्दा न्यायालयको मान मर्यादा घटेको छ । न्यायालयबाट न्याय दिने कुरामा कमी कमजोरी भएको छ । न्यायालयले आफ्नो आत्मसमीक्षा गरेर नेपाली जनतामा आफूप्रतिको विश्वास बढाउनुपर्दछ । त्यसका लागि न्यायालयको नेतृत्वले केही कुरा मनन गर्न आवश्यक छ । यो आधुनिक समयमा अदालतमा विश्वसनीयताको स्खलन खिलराज रेग्मीका पालादेखि सुरुवात भयो । उनी कार्यकारी प्रमुख हुन गएदेखि नै अदालतमा ग्रहण लाग्न शुभारम्भ भएको भन्दा अत्युक्ति हुँदैन । कार्यकारी प्रमुख हुँदा प्रधानन्यायाधीश भनी आफूलाई चिनाउन नपाउने भनी भएको आदेशले अदालतको साख त जोगाएन बरु थोरै क्षति कम गऱ्यो । यसको दोस्रो श्रृंखला गोपाल पराजुलीको उमेर विवाद र बहिर्गमनमा न्यायपरिषदको चिठीले बल्दो आगोमा तेलको काम गऱ्यो । अदालतको विश्वशनीयतामाथि तेस्रो बज्र प्रहार चोलेन्द्र शमशेरका पालामा भयो । अदालतको उठनै नसकने गरी ढाडै फुस्कियो । प्रधानन्यायाधीशले संवैधानिक निकायमा भाग खोजेको दृष्टान्तले अदालतलाई विवादमा तान्यो नै, साथै मन्त्रिपरिषदमा समेत नेपालगञ्जका हमालजी परेपछि त अदालतको निष्ठा र निष्पक्षता समाप्त नै भयो । ओलीले गरेको संसद विघटनलाई असंवैधानिक ठहर गर्दै दुई-दुईपटक संसद पुनर्स्थापना गरी अदालतले आफ्नो साख केही हदसम्म सम्हाल्यो । तर, भर्खर-भर्खर पलाएको अदालतप्रतिको विश्वासको टुसा ५२ भाइ संवैधानिक नियुक्तिको मुद्दामा नराम्ररी स्वाहा भयो । र, बचेखुचेको विश्वसनियता पनि रवि लामिछानेको धरौटी सम्बन्धी सर्वोच्च अदालतको आदेशले समाप्त भयो । अदालतको विश्वसनियता गुम्नुमा पछिल्ला दुईवटा आदेशलाई मैले मुलभुत कारणका रुपमा लिएको छु । हुन त कार्यकारीको भ्रष्टाचारलाई नियणत्रण गर्न नसकेको वा त्यसमा मुकदर्शक भएको नै मुल कारण हो । पार्टी र कार्यकारीको सभाको अप्रत्यक्ष हेमक्षेप भनेकै कौरवको सभामा द्रौपदीको चीरहरण भएको साक्षीले पाएको मृत्युदण्ड अदालतले अहिले पाएको छ । के मतलव हामीलाई दलसँग, जो कहिले लडछ्न् कहिले मिल्छन् । झगडा गर्दा तिनका लागि अदालत सति जानुपर्ने र खानेबेलामा गुपचुप खाने दलका नेताहरुले आफ्नो अनुकुल अदालत चलाउन खोजेपछि साख गिर्नु वा जनताको विश्वास गुम्नु स्वभाविक हो । तर पनि मैले अहिलेका दुईवटा तातै मुद्दाका विषयमा थौरै भन्नु नै जस्तो लाग्यो । न्यायालयले न्याय नदिएको कुरा हालका दुईवटा मुद्दामा गरेको फैसलालाई उल्लेख गर्दा प्रष्ट हुन्छ । ५२ जना संवैधानिक पदाधिकारीहरुको नियुक्तिविरुद्ध दायर गरिएको मुद्दामा सर्वोच्च अदालतले झण्डै पाँच वर्षपछि फैसला त दियो तर जुन अध्यादेशअन्तर्गत नियुक्ति दिइयो, त्यो अध्यादेश नै खारेज भैसकेको हुँदा त्यस्तो प्रावधानलाई न्यायिक परीक्षण गर्न मिल्दैन भन्ने आधारहीन तर्क गऱ्यो। के सरकारले अध्यादेश ल्याएर संविधानप्रदत्त मौलिक अधिकारलाई बन्देज गर्ने व्यवस्था गऱ्यो र अध्यादेश खारेज भयो भने सोही आधारमा मौलिक अधिकारमाथिको बन्देज स्वीकार्य हुन्छ ? अर्को कुरा, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको मुद्दामा उहाँलाई धरौटी दिन अस्वीकार गरेको घटनालाई लिन सकिन्छ । उहाँमाथि लागेको मूल आरोप भनेको सहकारी रकम अपचलनको हो । सहकारी ऐनले सहकारी मुद्दामा जसको पैसा अपचलन भएको छ, उसको पैसा फिर्ता गर्ने कुरालाई मूल रुपमा जोड दिएको देखिन्छ । प्रचलित कानूनअनुरुप सहकारी रकम अपचलन मुद्दामा मेलमिलाप पनि हुन सक्छ । रवि लामिछाने विघटित प्रतिनिधिसभामा २० जना सांसद भएको नेता भएको हुँदा निजलाई जेलमा सडाउने तत्कालीन ओली सरकारको चाहनालाई अदालतका आदेशहरुले टेवा पुऱ्याएको देखियो । किनभने, 'बेल इज रुल एण्ड जेल इस एक्ससेप्सन' भन्ने कुरा फौजदारी न्यायको महत्वपूर्ण सिद्धान्त हो । यस्तो सिद्धान्त हुँदाहुँदै पनि तीन तहको न्यायालयले लामिछानेलाई धरौटी नदिनु अन्याय नै हो । यस्तो आदेशले पनि जनतामा न्यायालयप्रतिको आस्थामा कमी ल्याएको कुरा अदालतले बुझ्न जरुरी छ । निडर, निर्भिक र निश्पक्ष व्यक्ति मात्रै न्यायाधीश हुनसक्छ र यी गुणहरु भएको व्यक्तिले मात्रै न्याय प्रदान गर्न सक्छ । बेलायतमा १२१५ मा जारी भएको म्यागना कार्टामा तिनीहरुले त्यस समयमै बडो गज्जवको प्रावधान राखेका थिए। त्यसको दफा ४० मा लेखिएको थियो कि हामीले कहिल्यै पनि न्याय बेच्दैनौं र कसैलाई पनि न्यायबाट बन्चित हुन दिँदैनौं । तर, हामीकहाँ भोलि मेरो बढुवा रोकिन्छ कि वा भोलि मलाई सरकार वा सत्तारुढ दलले प्रधानन्यायाधीश बनाउँदैन कि, भनी न्यायमूर्तिहरुले सोच्ने हो भने त्यस्ता न्यायाधीशले कदापि न्याय दिन सक्दैन, न्यायको सौदाबाजी हुन जान्छ र न्याय बेचिन्छ । व्यक्तिहरु वादी-प्रतिवादी भएको मुद्दामा मात्रै न्याय दिएर हुँदैन, न्यायाधीशको निर्भिकता र निश्पक्षता कार्यकारी विपक्षी भएको मुद्दामा बढी परीक्षण हुन्छ । यस सन्दर्भमा अमेरिकी सर्वोच्च अदालत, जसलाई हाल अमेरिकी न्यायिक इतिहासमै सबैभन्दा बढी कन्जरभेटिभ अदालत रहेको भनी विश्लेषण गरिन्छ, त्यसै अदालतले भर्खर कन्जरभेटिभ पार्टीकै राष्ट्रपति ट्रम्पले बर्खास्त गरेको फेडेरल रिजर्भ बैंकका गभर्नरको बर्खास्तीमा रोक लगाउने आदेश गरेको छ, जुन केवल एउटा प्रतिनिधि उदाहरण मात्रै हो। सत्तालाई अप्रिय लाग्न सक्नेखालका थुप्रै आदेश र फैसला त्यहाँ थुप्रै हुने गरेका छन् । हाम्रो न्यायिक इतिहास पनि कम गौरवशाली छैन । पञ्चायत कालदेखि लिएर राजा ज्ञानेन्द्रले गरेको 'कु'सम्म आइपुग्दा अदालतले शक्तिशाली राजतन्त्रलाई समेत अप्रिय हुनेखालका आदेश तथा फैसलाहरु थुप्रै गरेका छन् । तर, हालका वर्षहरुमा कार्यकारी विपक्षी भएको मुद्दामा अदालत वा न्यायाधीशले विरलै आँट गरेको देखियो । कानूनको छिद्रमा प्रवेश गरेर गरिने न्याय वास्तवमा न्याय होइन। हालका वर्षहरुमा भएका केही चर्चित मुद्दाहरुमा न्यायाधीशहरुले न्याय नगरेको अवधारणा व्याप्त भयो । तर, यसको मतलव न्यायालयमा न्याय दिने न्यायाधीश नै छैनन् भन्ने कदापि होइन । अधिकांश न्यायाधीशहरु निकै क्षमतावान, निडर, निर्भिक र निश्पक्ष हुनुहुन्छ। तर, थोरै न्यायाधीशहरुले पनि विधिको शासन कायम गर्नमा सफल हुनुभएन वा राजनीतिक कारणले समयमा न्याय दिन सक्नु भएन वा कार्यकारी रिसाउँछ कि भन्न थाल्नुभयो भने न्यायालयप्रति जनताको विश्वास कायम रहन सक्दैन । महत्वपूर्ण मुद्दामा वर्षौंसम्म मुद्दा लम्ब्याउने र फैसला गर्दा पनि जनताले न्याय अनुभूत गर्न सक्ने गरी फैसला भएको महसुस गरेनन् । न्यायाधीशहरु भारतको सर्वोच्च अदालतका पूर्वन्यायाधीश एचआर खन्नाजस्तो हुनुपर्दछ । उनले सन् १९७६ मा एडीएम जवलपुर विरुद्ध शिवकान्त शुक्लाको मुद्दामा फैसला हुँदा दिएको रायबाझी फैसलाका कारण तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले सबैभन्दा बरिष्ठ न्यायाधीश रहेका खन्नालाई प्रधान न्यायाधीश नबनाएपछि उनले राजीनामा दिएका थिए । जुन दिन उनले त्यो फैसला दिएका थिए, त्यस दिन उनले आृनो परिवारको सदस्यलाई भनेका थिए कि उनले दिन लागेको फैसलाका कारण उनी प्रधानन्यायाधीश बन्नबाट बन्चित हुन सक्छन् । उनले बाँच्न पाउने अधिकार र स्वतन्त्रताको अधिकार संकटकालका बेला पनि अपहरण गर्न नसकिने मत दिएका थिए । न्यायाधीश र न्यायालयले सरकारलाई सुरक्षा दिन्छ भनेर सोच्नु हुँदैन । उनीहरुले विधिको शासन र न्यायको पक्षमा फैसला दिन सके भने जनतामा न्यायाधीश र न्यायालयप्रति आफैं सम्मान बढ्छ । विगतका केही वर्षहरुमा जनतामा न्यायालयप्रतिको भरोसा खल्बलिएको आवाज सर्वत्र सुनेको देखियो । सर्वोच्च अदालतले यो कुरालाई नजरअन्दाज गरेको पनि देखियो । न्यायालयले दोषी करार गरेको अभियुक्तले पनि मैले गल्ती गरेको थिएँ र मैले सजाय पाएँ भन्ने अनुभूति गर्न सक्नुपर्छ, र त्यो अनुभूति निडर, निश्पक्ष र क्षमतावान न्यायाधीशहरुले मात्र दिलाउन सक्छन् । मैले एउटा अन्तर्वार्तामा सर्वोच्च अदालतका एकजना पूर्वप्रधानन्यायाधीशले मुद्दा फैसला गरेर जेल पठाएको व्यक्तिको घरमा नै बास लिन पुगेको पढेको थिएँ । आखिर उहाँको व्यवसायिक छवि राम्रो भएकै कारणले नै उहाँलाई आतिथ्य दिने व्यक्तिमा कुनै गुनासो थिएन भन्ने बुझ्न सकिन्छ । जलेको अदालतको खरानी हातमा लिएर प्रण गरौं अदालतको साख जोगाउन म प्रधानन्यायधीश पद त्यागनसमेत तयार छु । साख, इतिहास र गरिमा जोगाउन दलका भतुवाहरुको आदेश, म्यासेज, केहीको पनि रेस्पन्स गर्दिनँ बरु संसदीय सुनवाइमा रोके भने सबै पोल खोलेर तिनीहरुको राजनीति सिध्यादिन्छु भन्ने आँट चाहिन्छ । भारतीय सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश दीपक मिश्राले स्वयं 'बेन्च सपिंग' देखि लिएर 'बेन्च मेनुपुलेसन'सम्म गर्ने गरेको भन्दै सर्वोच्च अदालतका अन्य चारजना वरिष्ठ न्यायाधीशहरुले सो कुरा प्रेस कन्फरेन्स नै गरी सार्वजनिक गरिदिएको दृष्टान्तसमेत हामी सामुन्ने छ । तसर्थ, पहिला राम्रो न्यायाधीश बन्न सकियो भने मात्र प्रधानन्यायाधीशको पद पनि शोभनीय हुन्छ । यसकारण यो सौदा हुँदै होइन । व्यापारको लेनदेन पनि होइन । जसरी आन्दोलनकारीले कुनै पनि मन्दिर जलाएनन् त्यहीखालको आस्था न्यायालयको पनि चाहिन्छ । जन्मकैद गर्न सक्ने न्यायमूर्ति विष्णुका अवतार हुन् र न्यायालय मन्दिर हो । यसकारण अहिले जलेकोबाट पनि हामीले शिक्षा लिएर आफैंलाई शुद्धीकरण गरौं । म वलिकको हैसियतले गरेको गल्तीको समेत जिम्मा र हिस्सा लिन्छु र जनतासँग क्षमाप्रार्थी छु ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।
**वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ।
**मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ ।
**कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ ।
**सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ ।
**कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला ।
**तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ ।
**बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ ।
**धनु** : व्यक्तिहरूको कुरालाई बेवास्ता नगर्नुहोला। निर्णयहरू नोक्सानदाई रहनेछन्।
**मकर**: आपसी सहमतिमा सुल्झाउने प्रयास गर्नुहोस। रोकिएका कार्य सम्पादन हुनेछन्।
**कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ ।
**मिन** : अधिकारीहरूबाट आश्वासन पाइनेछ। करियरलाई लिएर चिन्ता रहनेछ।

कृषि

# कोदो खेती गर्न किसानको संख्या घट्‌द

जुम्लामा पछिल्लो समयमा कोदो खेतीप्रति यहाँका किसानको आकर्षण घटेको छ । बजारमा कोदोको पिठो उच्च माग बढेपनि खेती गर्नेको संख्या विस्तारै घट्दैक्रममा रहेको तिला गाउँपालिका-१ का स्थानीय पदम बुढाले जानकारी दिए । कोदोको उत्पादन बृद्धि,खेती विस्तार तथा उपभोगलाई बढाउने लक्ष्य सहित यहाँका स्थानीय तहको ध्यानजान सकेको छैन । लोपउन्मुख बनेको कोदो खेतीलाई प्रर्बद्धन गर्न सम्बन्धित निकायको कुनै चासो नगएको तिलावासिका स्थानीयवासी बुढाको भनाइ छ । यहाँका गाउँघरमा कोदो खेतीतर्फ किसानको आकर्षण बढेको छैन । तरकारी र नगदे बालीमा किसानले महत्व दिएर खेती गरि रहेकाछ्न् । कोदो खेतीमा कृषकहरुको आकर्षित हुन नसकेको छैन । विशेषगरी यहाँको तिला, हिमा, सिंजा, पातारासी र तातोपानी गाउँपालिका किसानहरूले कोदो खेती गर्न थालेका छन् । स्वास्थ्यका दृष्टिले लाभदायी मात्र नभई राम्रो मूल्य पाइने भएकाले किसान यसतर्फ आकर्षित हुन नसक्नु यो राम्रो पक्ष होइन जुम्ला सदरमुकाम खलंगा बजार अर्गानिक पसल संचालनमा ल्याएका स्थानीय व्यापारी अर्जुन बुढाले बताए । अहिले कोदोको पिठो प्रतिकेजी दुई सयले विक्रि हुने गरेको छ । विशेषगरि आन्तरिक पर्यटनको रोजाइमा पर्न गएको छ । बजारमा अत्यधिक माग हुने गरेको स्थानीय व्यापारी बुढाको भनाइ छ । जिल्लामा उत्पादित रैथानेबाली पछिल्ला वर्षमा लोप हुँदै गएकोप्रति यहाँका किसानले चिन्ता गरेका छन् । खेतीयोग्य जमिनमा रैथाने बाली हराउन थालेको छ । अहिले कृषि पेशामा युवा जनशक्तिको आकर्षण छैन । खेतीयोग्य जमिनमा अहिले खेती गर्न छाडेर बाँझो बनाउन थालिएको छ । परम्परागतरूपमा खेती गर्ने पाका पुस्ताले मात्र रैथानबाली लगाउँदै आएका छन् । पुराना अन्नबाली उत्पादनमा युवाको चासो नै छैन । दशक अघिसम्म ग्रामीण क्षेत्रका उच्च भागमा कोदोको खेती व्यापक हुन्थ्यो तर अहिले तिनको उत्पादनमा कमी भए पनि बजारमा माग भने बढेको पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले जानकारी दिए । कृषि विकास कार्यालय जुम्लाको तथ्यांकअनुसार जिल्लामा गत आर्थिक वर्षमा ३ हजार ८५० मेट्रिकटन कोदो उत्पादन भएको छ । यो उत्पादन विगतको तुलनामा धेरै न्यून हो । अहिले यहाँका आठवटै स्थानीय तहमा



२ हजार ७४० हेक्टर क्षेत्रफलमा कोदो खेती भईरहेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीको भनाइ छ ।

**बजारमा कोदोको माग बढ्दै**

बजारमा कोदोको माग भने पछिल्ला वर्षमा बढ्दो छ । गाउँका धेरै किसानलले पाखो बारीमा कोदो लगाएर राम्रै कमाइ गर्थे तर अहिले भने धेरैले कोदो लगाउन छाडिसकेका छन् । औषधिका रुपमा समेत प्रयोग हुने कोदोलाई पोषिलो अन्न मानिन्छ । गाउँघरमा विस्तारै कोदो खेती गर्न छाड्दै गएपछि नयाँ पुस्ता कोदो खेतीबारे अवविज्ञ बनेका छन् । कोदो अन्य बालीभन्दा स्वस्थकर भए पनि आकर्षण घट्दै गएको छ । बढ्दो सहरीकरणको प्रभावले गाउँमा कोदो फल्ने जमिन बाँझिन थालेका छन् । ग्रामीण भेगका मानिस सहर पस्न थालेपछि कोदोले भरिभराउ हुने जमिन अहिले बाझिँदै गएका हुन् । कम मेहनतमा उत्पादन बढी हुने प्रयोग तथा उपयोगका क्रममा पोषणयुक्त खाद्यान्न बालीभित्र पर्ने भए पनि पोषिलो कोदोको पछिल्लो समयमा खाद्यान्नमा भन्दा अन्यत्र प्रयोग बढी हुन लागेकाले पनि कोदो खेती लोप हुने अवस्थामा पुगेको छ । परम्परागत शैलीमा स्थानीय जातको बीउ प्रयोग गरी मकैमा घुसुवा बालीका रुपमा लगाइने कोदो प्राय:जसो जिल्लाका सबै गाउँबस्तीमा हुन्थ्यो तर आजभोलि कमै देख्न सकिन्छ । खाद्यान्नको रुपमा प्रयोग गरिने कोदो आजभोलि मदिरा बनाउन प्रयोग गरेका कारण कम मात्रामा खेती हुने गरेको किसान बताउँछन् । गाउँघरमा हेपिएको कोदो अहिले सहर बजारतिर खोजीखोजी खाना थालिएको छ । सडक सञ्जाल विस्तारसँगै सहर बजारबाट गाउँघरमा चामल, गहुँलगायत अन्नबाली भित्रिन थालेपछि पोषिलो कोदो, फापर, जौँजस्ता स्थानीय अन्नबाली किसानले लगाउन छाड्दै गएका हुन् । स्वास्थ्यका लागि लाभदायक अन्न फलाउन छाडेर बजारमा पाइने प्याकेटका तयारी खाना खान थालेपछि एकातिर स्थानीय अन्न लोप हुँदै छ । भने अर्कोतिर मानिसमा अनेक किसिमका रोगको सङ्क्रण बढ्न थालेको छ । धान, गहुँ र मकैजस्तै कोदोलाई किसानले महत्व नदिएका कारण यो लोप हुँदै गएको हो । गाउँघरमा परम्परागत रुपमा खेती गरिदै आएको कोदो लोप हुने अवस्थामा छ भने सहर बजारमा यसको माग धेरै छ । बजारका ठूला-ठूला होटल रेष्टुराँ, होमस्टेमा कोदोको परिकार पाक्ने गर्दछ । कोदोबाट बनाइएको ढिँडो, सेलरोटीलगायतका परिकारमा ग्राहकको आकर्षण छ । घरबास (होमस्टे) मा विशेष गरी कोदोबाट विभिन्न परिकार बनाएर खुवाउने चलन पनि छ । कुनै समय गाउँघरमा बिहान साँझको जीविकाका लागि पाक्ने कोदो हिजोआज सहर बजारका ठूला-ठूला होटल, रेष्टुराँमा विभिन्न परिकार बनाएर बिक्री हुन थालेपछि पछिल्लो समय भने कोदोको परिचय बदलिएको छ । अहिले गाउँघरमा कोदोको परिकार खासै पाक्दैनन् तर सहर बजारका होटलमा यसको परिकार ग्राहकको रोजाइमा परेको छ । पहिला-पहिला कोदो गरिब, विपन्नको घरमा खाने अनाजको रुपमा समेत लिइन्थ्यो भने अहिले ठूला घर परिवारका सदस्यको रोजाइमा कोदो पर्दछ । *-रासस*

# बाढी र हावाहुरीले १६ हजार हेक्टर धानबाली नष्ट



रौतहट जिल्लामा गत १७ र १८ गते परेको अविरल वर्षा, बाढी र हावाहुरीले जिल्लाभरिका किसानले लगाएको धानबालीमा ठुलो क्षति भएको छ। पूर्वमा बागमती, पश्चिममा लालबकैया, चाँदी, झाँझ, गुजरा लगायतका नदी तथा खोलाहरूमा आएको बाढी र डुबानका कारण हजारौँ हेक्टर खेत जलमग्न हुँदा किसानहरूको वर्षभरको परिश्रम बरबाद भएको हो । धान पाकेर काट्ने संवेदनशील समयमा परेको तीव्र वर्षा र हावाहुरीले अधिकांश खेतमा धान लडेका छन् । केही खेतमा बाला झुलिएर सड्न थालेको र केही खेतमा भर्खर बाला लाग्ने क्रममा रहेको हुँदा क्षतिको दायरा अझै बढ्ने अनुमान गरिएको छ । किसानहरूले यस अवस्थालाई आफ्नो “वर्षभरको आशा डुबेको” घटना बताएका छन् । कटहरिया नगरपालिका ५ किसान रामचन्द्र गोसाईं भन्छन्, “धान नै हाम्रो मुख्य खाद्यान्न हो । यो सिजनमा बाली नष्ट भएपछि अब गुजारा कसरी चलाउने भन्ने चिन्ता बढेको छ ।” जिल्ला कृषि ज्ञान केन्द्र रौतहटका प्रमुख सुरेन्द्र प्रसाद कुर्मीका अनुसार, यस वर्ष जिल्लामा ३६ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिएको थियो । तीमध्ये करिब १६ हजार हेक्टरमा लगाइएको धान पूर्ण रूपमा नष्ट भएको छ । धानसँगै अन्य बालीहरू पनि प्रभावित भएका छन् । कुर्मीका अनुसार, १.३१ प्रतिशत हेक्टर उखु, ४ सय हेक्टर तरकारी, २ सय हेक्टर केरा र २.३२ प्रतिशत हेक्टर फलफूल खेतीमा समेत क्षति पुगेको छ । रौतहटमा कुल ५१ हजार हेक्टर खेतीयोग्य जग्गा रहेकामा ३६ हजार हेक्टरमा मात्र धान खेती गरिएको थियो। तीमध्ये झन्डै आधा बाली नष्ट भएपछि यस वर्ष जिल्लाको धान उत्पादनमा उल्लेख्य गिरावट आउने निश्चित भएको छ । कृषि विज्ञहरूका अनुसार, जलवायु परिवर्तनका कारण कृषि चक्र अस्थिर बन्दै गएको छ । यो वर्ष रोपाइँको समयमा खडेरी र भित्र्याउने समयमा आएको अत्यधिक वर्षा यसको ठोस उदाहरण हो । निरन्तर असन्तुलित मौसमका कारण किसानहरू बर्सेनि आर्थिक रूपमा कमजोर बन्दै गएका छन् । तर, किसानहरूको यो संकटप्रति केन्द्र, प्रदेश र स्थानीय तीनै तहका सरकारहरू मौन देखिएको किसानहरूको गुनासो छ । राहत र क्षतिपूर्तिको प्रक्रिया सुरु नहुँदा किसानहरूको मनोबल झनै खस्किएको छ । रौतहटमा धान खेती प्राय: वर्षामा निर्भर छ । सिँचाइ, ढल निकास र पूर्व सूचना प्रणालीको अभावले प्राकृतिक विपद् हुँदा क्षतिको असर ठुलो हुने गरेको छ ।

*-रातोपाटी डटकम*

# ‘कृषि इन्टेलिजेन्स’ नामक एआई सुविधा




किसानलाई नवीनतम प्रविधिमार्फत् सशक्त बनाउने उद्देश्यले सुपर कृषक एपले आफ्नो प्लेटफर्ममा ‘सुपर कृषक कृषि इन्टेलिजेन्स’ नामक एक कृत्रिम बौद्धिकता(एआई) मा आधारित नयाँ सुविधा सार्वजनिक गरेको छ । उक्त सुविधाले किसानले सामना गरिरहेका कृषि परामर्शसम्बन्धी चुनौती सहज बनाउँदै उनीहरूलाई तत्काल र भरपर्दो जानकारीमा पहुँच प्रदान गर्ने लक्ष्य राखेको छ ।

नेपाली किसानले परम्परागत रूपमा बालीनालीमा देखिने समस्या, मौसमको जानकारी वा बजार मूल्यजस्ता विषयमा परामर्श लिन कृषि कार्यालय वा प्राविधिक विज्ञमा निर्भर रहनुपर्ने अवस्था थियो । समयमा सही जानकारी पाउन कठिन हुँदा त्यसले किसानको निर्णय प्रक्रिया र उत्पादकत्वमा असर पार्दै आएको थियो । कृषि प्राविधिक किसानको खेतमा विरलै भेटिन्छन् । वर्तमान समयमा सूचना प्रविधि विकासको प्रयोग गरी परामर्श पहुँच अझ सहज र व्यापक बनाउन सुपर कृषकले नयाँ सुविधा किसानको समस्या समाधानका लागि ल्याएको जनाएको छ । कम्पनीका अनुसार ‘कृषि इन्टेलिजेन्स’ सुपर कृषक एपभित्र रहेको एक च्याट-आधारित प्रणाली हो, जहाँ किसानले आफ्नो कृषिसम्बन्धी कुनै पनि प्रश्न सरल नेपाली वा अन्य भाषामा सोध्न सक्छन् । उक्त प्रणालीले किसानका प्रश्न तत्काल विश्लेषण गरी सटिक जानकारी र सल्लाह प्रदान गर्छ । जस्तै, बालीमा लाग्ने रोग तथा किरा पहिचान र व्यवस्थापन विधि, मौसमको वर्तमान अवस्था, आगामी दिनको पूर्वानुमान र कृषि गतिविधिको कार्यतालिका, स्थानीय तथा प्रमुख बजारमा कृषि उपजको दैनिक मूल्य, बाली उत्पादन लागत विश्लेषण र बजारीकरणका लागि उपयुक्त समयबारे परामर्श, खेती प्रणाली र आधुनिक कृषि अभ्यासबारे जानकारी, आवश्यक मल, जलको मात्रा र समयबारे जानकारी, अझ प्रभावकारी र व्यक्तिगत परामर्शका लागि प्रयोगकर्ताले एपको ‘कृषि चिना’मा आफ्नो जग्गाको विवरण, लगाएको बाली र मिति अद्यावधिक गर्न सक्नेछन्, जसले गर्दा एआई प्रणालीले उनीहरूको अवस्थाअनुसार विशेष सल्लाह उपलब्ध गराउन सक्ने कम्पनीले उल्लेख गरेको छ । सुपर कृषक एपको लक्ष्य प्रविधि उपयोग गरी किसानलाई सही समयमा सही जानकारी उपलब्ध गराउनु रहेको कम्पनीले जनाएको छ । ‘कृषि इन्टेलिजेन्स’ ले किसान र कृषि विज्ञबीचको सूचना दूरी घटाउन महत्वपूर्ण भूमिका खेल्ने कम्पनीको दाबी छ ।

*-इहिमालय टाइम्स डटकम*

# पाइएन जडीबुटीको उचित मूल्य

भोजपुरका कृषकले उत्पादित जडीबुटीको उचित मूल्य नपाएको गुनासो गरेका छन् । पकेट क्षेत्रमा विभिन्न जातका बहुमूल्य जडीबुटी उत्पादन भए पनि बजार मूल्य नपाएको किसानको गुनासो छ । स्थानीयस्तरमा जडीबुटीको बजार मूल्यबारे ज्ञान नहुने र सरकारले समेत मूल्य नतोक्ने हुँदा विचौलियाले त्यसको लाभ लिइरहेको अधिकांशको भनाइ छ । स्थानीय जडीबुटी कृषक नीमा शेर्पाले चिराइतो, सतुवा, अलैँचीलगायतको व्यावसायिक खेती गरिए पनि मूल्यका लागि विचौलियाकै भर पर्नुपर्दा घाटा भइरहेको सुनाए । जिल्लाको माथिल्लो भेगका किसानले चिराइतो, सतुवा, सेतक चिनी, शक्ति गुम्बा, पदम चाल, वन मुला, वन लसुन, टिमुर, किम्बु, भुत्केस, बुढो ओखती, लोड सल्ला, विखुम्बालगायत जडीबुटीको खेती गर्दै आएका छन् । चिराइतोको मूल्य



बढेपछि किसान यसतर्फ आकर्षित भएका छन्, तर सरकारले मूल्य नतोक्दा विचौलियाको बोलीका आधारमा बेच्नु परिरहेको कृषक पासाङ शेर्पाको गुनासो छ । उनले भने, “गाउँमा हल्लाको भरमा मूल्य तोकिने गरेको छ । त्यही मूल्यमा बेच्छौँ, पछि थाहा हुन्छ कि हामीले त घाटामा बेचेका रहेछौँ । यसले मारमा छौँ ।” यस्तो समस्या समाधानका लागि सरकारी निकायले मूल्य तोकेर बजार बिस्तारका लागि सहजीकरण गरिदिनुपर्ने किसानहरूको माग छ ।

*-हाम्रा कुरा डटकम*

# इन्टरनेट र एआईका बारेमा २० देशका विज्ञबीच नेपालमा छलफल



**काठमाडौं,** असोज २५/इन्टरनेट र एआईका विविध विषयमा २० देशका विज्ञहरूले नेपालमा भेला भएर चार दिनसम्म छलफल चलाएका छन् । इन्टरनेटका क्षेत्रमा लामो समयदेखि काम गर्दै आइरहेको एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्सद्वारा आयोजित 'एपीसिग २०२५' नाम दिएको सम्मेलन यही असोज २१ देखि २४ गतेसम्म भएको आयोजक संस्थाका अध्यक्ष बाबुराम अर्यालले जानकारी दिए । उनका अनुसार सम्मेलनमा १६ चरणमा छलफल कार्यक्रम भएका थिए भने २२ विज्ञ वक्ताहरूको विषयगत प्रस्तुति रहेको थियो ।

सम्मेलनमा १६ देशका सरकारी अधिकारी, सूचना प्रविधि विज्ञ, प्राध्यापक, पत्रकार, वकिल, अधिकारकर्मी, अनुसन्धानकर्तालगायत ३४ फेलोहरू सहभागी भएको उपाध्यक्ष वाकास हसनले जानकारी दिए । सम्मेलनमा विषय विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता, अभ्यासकर्ता र पैरवीकर्ताले इन्टरनेटको सही र जिम्मेवार प्रयोग, यसको नियमन तथा व्यवस्थापन, एआईको प्रयोगले भविष्यमा ल्याउनसक्ने अवसर र चुनौती तथा त्यसको व्यवस्थापन, साइबर सुरक्षा, तथ्याङ्क सुरक्षा, सामाजिक सञ्जालको प्रयोग, व्यवस्थापन र नियमन, भ्रामक र प्रायोजित सूचनाको विकृति, इन्टरनेटमा पछाडि पारिएका समुदायको पर्याप्त पहुँच र प्रयोगलगायत विषयमा गहन प्रस्तुति रहेको र सहभागीका बीचमा व्यापक छलफल भएको सम्मेलनमा नेपालकोतर्फबाट सहभागी पत्रकार जीवन भण्डारीले जानकारी दिए । सम्मेलनमा सहभागीले अन्य देशमा भइरहेका अभ्यास र अनुभवका आधारमा धेरै सिकाइ भएको पाकिस्तानकी सहभागी मार्यम रसिदले बताए । सम्मेलनमा नेपालसहित भारत, बङ्गलादेश, म्यानमार, मलेसिया, भुटान, यमन, मङ्गोलिया, पाकिस्तान, कम्बोडिया, इन्डोनेसिया, काजकिस्तान, सिङ्गापुर फिलिपिन्स, भियतनाम, अस्ट्रेलिया, जापानलगायतका २० भन्दाबढी देशका फेलो तथा वक्ताहरु सहभागी भएको इन्टरनेट गभर्नेन्स इन्स्टिच्युटकी निर्देशक सपना शाहीले जानकारी दिए । सहभागीलाई समापन समारोहमा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्सका अध्यक्ष बाबुराम अर्यालले प्रमाणपत्र प्रदान गरेका थिए । *-रासस*


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

# जापानलाई हराउँदै नेपाल समूह विजेता



**काठमाडौं,** असोज २५/जापानलाई ५ विकेटले हराउँदै नेपाल आईसीसी टी-२० विश्वकप एशिया तथा इस्ट एशिया प्यासिफिक छनोटमा समूह बी को विजेता बनेको छ । जापानले दिएको १ सय ३२ रनको लक्ष्य नेपालले १२ बलअघि ५ विकेट गुमाएर भेटायो । नेपालका आसिफ शेखले ३८, गुल्सन झाले नटआउट २८ रन बनाए । जापानका शोमा स्लाटरले २ विकेट लिए । यसअघि अलि अमिरात क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको जापानले २० ओभरमा ८ विकेट गुमाएर १ सय ३१ रन बनायो । जापानका कप्तान केन्डल फ्लेमिङले सबैभन्दा धेरै ६० रन बनाए । नेपालका सन्दीप लामिछाने र गुल्सन झाले २/२ तथा सोमपाल कामी र नन्दन यादवले १/१ विकेट लिए । नेपाल र जापानले आफ्नो पहिलो खेलमा कुवेतलाई हराउँदै यसअघि नै सुपर-सिक्समा पुगिसकेका थिए । कुवेत भने समूह चरणबाटै बाहिरिइसकेको छ । समूह विजेता बन्दै सुपर-६ मा पुगेको नेपालले २ अंङ्क जोडेको छ । अब नेपालले सुपर-६ मा आइतबार समूह 'ए' को विजेता यूएई र सोमवार उपविजेता कतारसँग खेल्नेछ । यस्तै बाँकी २ खेलमा समूह 'सी' को विजेता र उपविजेतासँग खेल्नेछ । सुपर-६ मा शीर्ष ३ मा पर्ने टोलीले आउँदो वर्ष भारत र श्रीलङ्कामा हुने टी-२० विश्वकप खेल्न पाउनेछन् ।


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# एटीएमबाट नगद झिक्न पाउने सीमा घट्यो



**पाल्पा,** असोज २५/नेपाल राष्ट्र बैंकले एटीएमबाट नगद झिक्न पाउने सीमा घटाएको छ । राष्ट्र बैंक भुक्तानी प्रणाली विभागले भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशनमा संशोधन गर्दै एटीएमबाट नगद झिक्न पाउने सीमा घटाएको हो ।

नयाँ निर्देशिकाअनुसार अब डेबिट कार्ड प्रयोग गरी एटीएमबाट प्रतिकारोबार बढीमा २० हजार रुपैयाँ मात्रै झिक्न पाइने भएको छ । यसअघि प्रतिकारोबार २५ हजार रुपैयाँसम्म झिक्न पाइने व्यवस्था थियो । अब एकदिनमा एटीएमबाट नगद झिक्न पाउने सीमा पनि घटाएर ५० हजार रुपैयाँ बनाइएको छ । यसअघि एटीएमबाट एकदिनमा एक लाख रुपैयाँसम्म नगद झिक्न पाउने व्यवस्था थियो । त्यस्तै प्रतिमहिना तीन लाख रुपैयाँसम्म मात्रै नगद झिक्न पाउने व्यवस्था गरिएको छ । यसअघि चार लाख रुपैयाँसम्म नगद झिक्न पाउने व्यवस्था थियो ।

# डुम्रे दुग्ध कृषि...

...संस्थाले दैनिक ३ हजार देखी ४ हजार लिटर सम्म दुध खरिद विक्रि गर्दै आएको छ । संस्थाले कृषकका १६ जना छोरा छोरीहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्रदान गरेको छ । संस्थामा आवद्ध भएका दुग्ध कृषकहरुले राम्रो मुल्य पाएको, सरकारले वितरण गर्ने अनुदान देखी संस्थाले कमाउने मुनाफामा समेत पाउने भएकोले तानसेन, रिव्दीकोट, तिनाउ, माथागढी, बगनासकाली लगायतका कृषकहरुलाई संस्थामा आवद्ध हुन सहकारी अध्यक्ष दुर्गा बहादुर खाण ठकुरीले अनुरोध गरे । डुम्रे दुग्ध कृषि सहकारी संस्था नेपालकै नमुना कृषि सहकारी संस्था भएको, यसको उत्पादन तथा गुणस्तर नेपालमै नमुना रहेको साधारणसभामा तिनाउँ गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष टोम बहादुर पुनले बताए । गाउँपालिकाले डुम्रे दुग्ध कृषिमा आवद्ध भएका कृषकहरुको लागी ५ लाख ९८ हजार रुपैया अनुदानमा आधारित प्रोत्साहन रकम प्रदान गरेको वडा अध्यक्ष पुनले बताए । सहकारीले स्वदेशमै पशु तथा कृषि मार्फत रोजगारी बढाउन, आयआर्जन गराउन ठुलो सहयोग पुगेको उनले बताए । साधारणसभामा जिल्ला दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष रामजी घिमिरे, शेयर सदस्यहरु राम प्रसाद पोखरेल, सिता जिसी लगायतले सहकारीको योगदानको चर्चा गर्दै आगामी दिनमा क्षेत्र विस्तारको साथै दुधको विविधिकरण गरी, गुणस्तरी उत्पादनमा ध्यान दिदै देशकै नमुना दुग्ध उत्पादक सहकारी संस्था बनाउनु पर्नेमा जोड दिए । कार्यक्रममा संस्थाका लेखा सुपरिवेक्षण समितीका संयोजक धन बहादुर कार्कीले ३४ करोड बराबरको आय व्यय सार्वजनिक गर्दै संस्थाको खुद नाफा ९ लाख रुपैया रहेको जानकारी दिए । साथै संयोजक कार्कीले संस्थाका राम्रा तथा आगामी दिनमा सुधार गर्नुपर्ने कुराहरु समेत लिलित रुपमा जानकारी गराएका थिए । संस्थाका अध्यक्ष दुर्गा बहादुर खाण ठकुरी अध्यक्षतामा भएको स्वागत उपाध्यक्ष शंकर प्रसाद भण्डारीको संचालन व्यबस्थापक गोपाल जिसीको संचालनमा भएको थियो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई